**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २१ अगस्त २०२३

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मूले आज राष्ट्रपति भवनमा वैज्ञानिकहरूलाई वर्ष २०२४ को लागि राष्ट्रीय विज्ञान पुरस्कार प्रदान गर्नुभएको छ।

२. भारत र पोल्याण्डले द्विपक्षीय सम्बन्धलाई रणनीतिक संलग्नतामा रूपान्तरण गर्ने निर्णय गरेका छन् ।

३. खरसाङ खण्ड विकास अनि खरसाङ पञ्चायत समितिको संयुक्त आयोजनामा ठोस फोहोर व्यवस्थापन साथै प्लास्टिक व्यवस्थापन यूनिटको उद्घाटन गरिएको छ ।

४. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले वन बस्ती क्षेत्रका बासिन्दाहरूलाई उनीहरू बस्दै आएको घर-घड़ेरीको पर्जा-पट्टा दिनको लागि पहल शुरू गर्ने भएको छ ।

५. मिरिक झीलमा शुद्धपानी पठाँउनको लागि निर्माण गरिएको स्वेरेज ट्रीटमेन्ट प्लान्ट जिटीएद्वारा मिरिक नगरपालिकालाई हस्तान्तरण गरिएको छ

**राष्ट्रपति विज्ञान पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मूले आज राष्ट्रपति भवनमा वैज्ञानिकहरूलाई वर्ष २०२४ को लागि राष्ट्रीय विज्ञान पुरस्कार प्रदान गर्नुभएको छ। यसै क्रममा प्रोफेसर गोविंद राजन पद्मनाभनलाई वर्ष २०२४ को लागि विज्ञान रत्न पुरस्कारबाट सम्मानित गरिएको छ भने कृषि विज्ञानको क्षेत्रमा विज्ञान श्री पुरस्कार डा अनन्तरामकृष्णनलाई प्रदान गरिएको छ। यसैगरी परमाणु ऊर्जाको क्षेत्रमा यो पुरस्कार भाभा परमाणु अनुसंधान केंद्रए मुंबईका डॉ. आवेश कुमार त्यागीलाई प्रदान गरियो भने जीवन विज्ञानको क्षेत्रमा विज्ञान श्री पुरस्कार भारतीय विज्ञान शिक्षा अनुसन्धान संस्थानए पुणेका प्रोफेसर जयन्त भालचन्द्र उदगांवकरलाई प्रदान गरिएको छ।

****** ० ******

**प्रधानमंत्री पोलैंड दौरा**

भारत र पोल्याण्डले द्विपक्षीय सम्बन्धलाई रणनीतिक संलग्नतामा रूपान्तरण गर्ने निर्णय गरेका छन् । पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्कसँग वार्सामा भएको प्रतिनिधिमण्डलस्तरीय वार्तापछि प्रधानमन्त्री नरेन्द्र मोदीले एक विज्ञप्ति जारी गर्दै उक्त घोषणा गर्नुभयो भने यस वर्ष दुई देशले कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वार्षिकोत्सव मनाउँदै गरेको बताउनु भयो। यसका साथै उहाँले भारत र पोल्याण्डबीचको सम्बन्ध लोकतन्त्र र विधिको शासनको साझा मूल्यमा आधारित रहेको बताउदै भारत र पोल्याण्डबीचको सम्बन्धमा आजको दिन विशेष गरी महत्वपूर्ण रहेको उहाँले बताउनु भयो। उहाँले अझ भन्नुभयो ए श्प्रधानमन्त्री टस्क लामो समयदेखि भारतका मित्र हुन् र उनले दुई देशबीचको सम्बन्ध लाई अझ प्रगाढ बनाउन महत्वपूर्ण योगदान दिएका छन यसका साथै सन् २०२२ मा युक्रेन संघर्षका बेला भारतीय विद्यार्थीहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्न पोल्याण्डले गरेको सहयोगलाई भारतका जनताले कहिल्यै भुल्न नसक्ने प्रधानमन्त्री मोदीले बताउनु भयो।

****** ० ******

**जेपीसी.वक्फ**

वक्फ (संशोधन) विधेयक २०२४ पर संयुक्त संसदीय समितिको पहिलो बैठक आज नई दिल्लीमा भएको छ। भाजपा सांसद जगदम्बिका पालको अध्यक्षतामा ३१ सदस्यीय समिति गठन गरिएको छ। यसमा लोकसभाबाट २१ र राज्यसभाबाट १० सदस्य छन्। उक्त समितिलाई लोकसभाले विधेयकको अध्ययन गर्ने जिम्मेवारी दिएको छ। बैठकमा अल्पसङ्ख्यक मामिला मन्त्रालय र कानून तथा न्याय मन्त्रालयका अधिकारीहरूले कानूनको मस्यौदामा प्रस्तावित विभिन्न संशोधनका बारेमा सदस्यहरूलाई जानकारी गराएका थिए।

****** ० ******

**पर्यवेक्षक बैठक**

जम्मु काश्मिर र हरियाणा विधानसभा चुनावका लागि सामान्य पर्यवेक्षकए पुलिस पर्यवेक्षक र व्यय पर्यवेक्षकहरूको बैठक आज नयाँ दिल्लीमा सम्पन्न भएको छ। मुख्य निर्वाचन आयुक्त राजीव कुमारए निर्वाचन आयुक्त ज्ञानेश कुमार र सुखबीर सिंह संधुले पर्यवेक्षकहरूलाई आ-आफ्नो निर्वाचन क्षेत्रमा उनीहरूको भूमिकाको बारेमा जानकारी गराएका थिए। बैठकमा भारतीय प्रशासनिक सेवाए भारतीय पुलिस सेवाका साथै भारतीय राजस्व सेवा र केही अन्य केन्द्रीय सेवाका ४०० भन्दा बढी अधिकारीहरूको सहभागिता थियो।

****** ० ******

**आर.जी कर**

राज्यका भाजपा ईकाईले आज महिला डाक्टरको हतया र दुष्कर्म विद्ध प्रदर्शन गर्दै स्वास्थ्य भवन तर्फ मार्च गरयो। भजपाको योविरोध मार्च हाडको क्रसिङ बाट शुरू सभएको थियो प्रदेश भाजपा अध्यक्ष दिलीप घोष, नेता प्रतिपक्ष शुभेन्दु अधिकारी , भाजपा विधायक अग्निमित्र पाल, अर्जुन सिंह समेत अन्य नेताहरू पनि शामेल थिए। यी नेताहरूलाई हिरासतमा लिनको निम्ति पुलिस लगातार घेराबन्दी गरिरहेतर कार्यकर्ताहरूले पुलिससंग ाितापाई गरे। स्वास्थ्य भवन पुग्न ४ मिलोमिटरदेखि नै पुलिसले रोक्ने कोशिश गऱ्यो तर प्रदर्शन कारीहय स्वास्थ्य भवनको छेउ पुग्यो। भाजपा नेता दिलीप घोषले यस मौकमा भन्नुभ्ज्ञयो हामी सचाई अघि ल्याउन चाहन्छौ र न्याय चाहन्छौ। राज्य सरकार र राज्यस्वास्थ्य विभगले सच्चाइ लुकाउने प्रयास गरिरहेछ। राज्य स्वास्थ्य विभाग र आरजी कर अस्पतालले सबूत मिटाउने कोशिश गरेको छ सड़कमा 'हमे न्याय चाहिए' को नारा गुंजी उठयो।

****** ० ******

**कोलकाता RG कर - दार्जीलिङ र्‍याली**

कोलकाताको त्ळ कर अस्पतालमा भएको महिला डाक्टर हत्या काण्डको बिरोधमा आज दार्जीलिङका बिभिन्न महाबिद्यालयका विद्यार्थीहरुले एक बिरोध र्‍याली निकाले। उक्त बिरोध र्‍याली दार्जीलिङ सरकारी महाबिद्यालय बाट निकालिएको थियो। पीडितालाई न्याय अनि दोषीहरुलाई कठोर सजायको माग गर्दै शहर परिक्रमा गरेर चौरस्तामा समापन गरिएको उक्त र्‍यालीमा कलेजका प्राध्यापकहरु पनि उपस्थित रहेका थिए।

****** ० ******

**सर्वोच्च न्यायालय कोलकाता डॉक्टर मामला**

कोलकाताको राधा गोबिन्दकर मेडिकल कलेज एण्ड हस्पिटलमा रेजिडेन्ट डाक्टरको बलात्कार र हत्याको घटनामा केन्द्रीय अनुसन्धान ब्यूरो (सिबिआई) र कोलकाता पुलिसले आज सर्वोच्च अदालतमा स्थिति रिपोर्ट पेश गरेका छन्। सर्वोच्च अदालतमा मुद्दाको सुनुवाइ गर्दै भारतका प्रधान न्यायाधीश डीवाई चन्द्रचूडले आन्दोलनरत डॉक्टरलाई काममा फर्कन आग्रह गर्दै प्रदर्शनका कारण सार्वजनिक स्वास्थ्य प्रणालीमा गम्भीर असर पर्न सक्ने बताउनु भएको छ। डॉक्टरहरुको विभिन्न संघ संगठनले यस विषयमा सर्वोच्च अदालतको हस्तक्षेपको माग गरेका छन्। यस मुद्दाको अघिल्लो सुनुवाइको क्रममा सर्वोच्च अदालतले डाक्टर र स्वास्थ्यकर्मीहरूको सुरक्षासँग सम्बन्धित मुद्दाहरूको जाँच गर्ने र महिलाविरुद्ध हिंसा रोक्न राष्ट्रिय टास्क फोर्स गठन गर्ने लगायत धेरै निर्देशनहरू जारी गरेको थियो।

****** ० ******

**वन बस्ती क्षेत्र - जीटीए**

वन बस्ती क्षेत्रका बासिन्दाहरूलाई उनीहरू बस्दै आएको घर-घड़ेरीको पर्जा-पट्टा दिनको लागि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले पहल शुरू गर्ने भएको छ । यसै विषय लिएर हिजो जीटीएले सुकेपोखरी क्षेत्रका 14 वटा फरेष्ट राइट कमिटीका प्रतिनिधिहरूलाई लिएर स्थानीय लालकोठीमा एक बैठक गरेको थियो। जसमा जीटीए सभाका डेपुटी चेयरमेन राजेश चौहान, कार्यकारी निर्देशक साम्देन डुक्पा, खण्ड विकास अधिकारीहरूका साथै अन्य पदाधिकारीवर्गको उपस्थिति रहेको थियो।

**खरसाङ - ठोस फोहोर व्यवस्थापन**

खरसाङ खण्ड विकास अनि खरसाङ पञ्चायत समितिको संयुक्त आयोजनामा आज गाडीधुराको मरियणबारीमा ३ ठोस फोहोर व्यवस्थापन साथै प्लास्टिक व्यवस्थापन यूनिटको उद्धाटन जीटीए प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट गरिएको छ । यो युनिटमा कुहुने अनि नकुहुने फोहोरको व्यवस्थापन मशीनद्धारा गरिनेछ जहाँ कुहिने फोहोरबाट मल तयार गरेर खेतीमा प्रयोग गरिनेछ भने बजार व्यवस्थापन पनि गरिने भएको छ । यो यूनिट खरसाङ खण्ड विकास अनि पञ्चायत समितिले पाइलट प्रोजेक्टको रूपमा अघि ल्याएको हो जसको सफलता असफलताको अध्ययनपछि अन्य ठाउँमा पनि यस योजनालाई प्रयोगमा ल्याइने भएको छ ।

****** ० ******

**दार्जीलिङ्ग जिल्ला अस्पताल - अवैध निर्माण**

दार्जीलिङ्ग जिल्ला अस्पताल परिसरमा रहेको अवैध निर्माणहरु अब गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनले हटाउन पाइला चाल्ने भएको छ। यस बिषय लिएर चाडै नै अस्पताल कृतपक्ष लगायत उक्त क्षेत्र का बासिन्दा हरु संग बैठक बस्ने जिल्ला अस्पताल प्रभारी एंव जीटीए डिप्युटी चिफ राजेस चौहानले बताएका छन् । अनाधिकृत बसोबासको कारण अस्पतालमा एम्बुलेन्स ओहोरदोहोर गर्न असुविधा भइ रहेको पनि उहाँले जनाउदै सबै कब्जा हटाएर एम्बुलेन्सहरुको निम्ति "वान वे" बनाउने सोच रहेको पनि श्री चौहानले बताएका छन् ।जिल्ला अस्पताल दार्जीलिङलाई सुव्यवस्थित बनाउन हिजो सुरक्षा व्यवस्था बिषय लिएर सुरक्षा कर्मीहरु सित सभा बसेको उहाँले थप जानकारी गराएका छन । यसका साथै अस्पतालमा एकजना रोगी हेर्न एकै जाना मात्रै जान पाइने ३ पाईलट प्रोजेक्ट३ पनि कार्यन्वयन भइरहेको जनाउदै जनतालाई सहयोगको अपिल पनि श्री चौहान गरेका छन ।

****** ० ******

**दुरघटना**

आज दिउँसो करिब २:३० बजेतिर कलकत्ताको पर्यटकहरु लिएर दार्जिलिङको बिजनबारी जाने क्रममा एक निजी वाहन तकभर हस्पिटल नजिक दुर्घटनाग्रस्त भएको छ। पुलिसको प्रारम्भिक अनुसन्धान अनुसारए गाडीको ब्रेक फेल भएको कारणले चालकले गाडीमाथि नियन्त्रण गुमाएपछी गाडी सडकबाट चिप्लिँदै ३०० फिट तल झर्दा एकजनाको घट्नास्थलमा नै मृत्यु भएको खबर प्राप्त भएको छ गाडीमा ४ जना पर्यटकहरू सवार थिएए जसमा सबै कलकत्ता निवासी पर्यटकहरू रहेका थाहा लागेको छ भने ३ जना घाइतेहरूको दार्जिलिङ सदर अस्पतालमा उपचार भइरहेको छ।

****** ० ******

**मिरिक - स्वेरेज ट्रीटमेन्ट प्लान्ट शिलान्यास**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मिरिक इन्जिनियरिङ विभागद्वरा मिरिक झीलमा शुद्धपानी पठाँउनको लागि 36 करोड 30 लाख 46 हजार 815 रूपियाँको लागतमा निर्माण गरिएको स्वेरेज ट्रीटमेन्ट प्लान्ट मिरिक नगरपालिकालाई जीटीएले हस्तान्तरण गरेपछि एसटीपी लाइनलाई प्रत्येक घरसित जोड्ने कार्य चाँडै शुरू हुने भएको छ । जसको शिलान्यास बिहीबार मिरिकमा भब्य कार्यक्रम माझ सम्पन्न भयो । यसै अवसरमा अर्वन हेल्थ एण्ड वेलनेस सेन्टर अनि अमरूत जल परियोजनाको पनि उद्धघाटन गरिएको छ

****** ० ******

**आँगनबाड़ी कर्मचारी**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनद्वारा आँगनबाड़ी कर्मचारी तथा सहायकहरूको सेवा निवृत्ति अघि मृत्यु भएमा अनुग्रह राशी स्वरूप रूपियाँ २ लाख प्रदान गरिने प्रस्ताव पारित गरिएकोमा हिल तराई आँगनबाड़ी कर्मी तथा सहकर्मी संगठनले जीटीए चेयरमेन अनित थापाप्रति आभार प्रकट गरेका छन् । बिहिबार कालेबुङमा आयोजित पत्रकार सम्मेलनमा संगठनका कालेबुङ जिल्ला संयोजक अम्बिका तामाङले जीटीएद्वारा पारित उक्त प्रस्तावले कर्मचारीहरूलाई ठूलो राहत दिएको बताएकी छन् । जीटीए कार्यकारी सभाद्वारा गत ८ जुलाईए २०२४ को दिन आँगनबाड़ी कर्मचारी अनि सहायकहरूको विषयमा यस प्रकारको प्रस्तावाना सर्वसम्मति द्वारा पारित गरिएको थियो भने आज यसको अधिकारिक परिपत्र जीटीए महिला अनि शिशु विकास कार्यकारी निर्देशकले जारि गरेका छन् ।

****** ० ******

**आगलागी**

कोलकाताको प्रसिद्ध बड़ा बजार क्षेत्रमा रहेको लोहा पट्टीमा भीषण आगलागी हुँदा धेरै गोदामहरू जलेर नष्ट भएका छन् । आगो नियन्त्रणका लागि २० वटा दमकल परिचालन गरिएको थियोए जसले लामो कसरतपछि आगोलाई नियन्त्रणमा लिन सफल भएको थियो । प्लाष्टिकका सामान भण्डारण गरिएको गोदाममा राति १०:३० बजेतिर आगलागी भएको थियो भने नजिकैको घना बस्ती भएको क्षेत्रमा रहेका अन्य गोदामहरूमा आगो तीव्र गतिमा फैलियोए जसले गर्दा स्थिति झनै बिग्रियो। घटनामा परि कम्तीमा पाँच वटा गोदाम पूर्ण रुपमा जलेर खरानी भएको बताइएको छ । आगलागीको कारण खुल्न नसकेको र विस्तृत अनुसन्धानपछि मात्र स्पष्ट हुने अधिकारीहरुले बताएका छन् ।

****** ० ******

**मिरिक - स्वेरेज ट्रीटमेन्ट प्लान्ट शिलान्यास**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मिरिक इन्जिनियरिङ विभागद्वरा मिरिक झीलमा शुद्धपानी पठाँउनको लागि ३६ करोड ३० लाख ४६ हजार ८१५ रूपियाँको लागतमा निर्माण गरिएको स्वेरेज ट्रीटमेन्ट प्लान्ट मिरिक नगरपालिकालाई जीटीएले हस्तान्तरण गरेपछि एसटीपी लाइनलाई प्रत्येक घरसित जोड्ने कार्य चाँडै शुरू हुने भएको छ । जसको शिलान्यास बिहीबार मिरिकमा भब्य कार्यक्रम माझ सम्पन्न भयो । यसै अवसरमा अर्वन हेल्थ एण्ड वेलनेस सेन्टर अनि अमरूत जल परियोजनाको पनि उद्घघाटन गरिएको छ ।मिरिक महकुमा शासक प्रियङ्कासिहं मेहता अतिथि रहेको कार्यक्रमका मुख्य अतिथि एक ई डी का चीफ इन्जिनियर चितरन्जन बर्मणको बाहुलीबाट उक्त तीनवटा परियोजनाहरुको उद्घघाटन गरिएको छ ।

****** ० ******

**सिलगढीमा भाजपा**

सिलगढीमा भाजपाको विरोध प्रदर्शनअवधि प्रदर्शनकारी र पुलिसबीच झडप हुँदा चार भाजपा कार्यकर्ता घाइते हुनका साथै एकजना पुलिसकर्मी पनि घाइते भएका छन्। उक्त घटनाले गर्दा सिलगढी शहरमा परिवेश तनाउपूर्ण बन्न पुगेको थियो। कोलकाताको आरजी कर घटनाको विरोध साथै मुख्यमन्त्रीको राजीनामाको माग गर्दै भाजपाले बिहीबार सिलगढी महकुमा परिषदमा जिल्ला मुख्य स्वास्थ्य अधिकारी कार्यालय घेराउको आह्वान गरेको थियो। यस क्रममा भाजपाले सिलगढी बाघाजतिन पार्कबाट एउटा ऱ्याली पनि निकाल्यो। उक्त ऱ्याली शहरको विभिन्न मोड हुँदै सिलगढी महकुमा परिषद पुगेपछि भाजपा नेताहरू साथै कार्यकर्ताहरूको पुलिससित झडप भएको थियो। भाजपाको प्रदर्शनलाई रोक्न पुलिसले व्यारिकेडहरू लगाएको थियोए जसलाई तोडेर प्रदर्शनकारीहरू अघि बढेका थिए। महकुमा परिषदको सामु लगाएको पुलिस ब्यारिकेड्स हटाएर भाजपा नेता तथा कार्यकर्ताहरू भित्र प्रवेश गरेपछि पुलिस अनि प्रदर्शनकारीहरू माझ धक्का-मुक्की पनि भएको थियो। उक्त घटनालाई लिएर व्यापक तनाउको स्थिति देखा पऱ्यो।

****** ० ******